बान्नीगढी जयगढ गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

**पत्र संख्या: २०८०/०८१** **मिति: २०८०/०७/२३**

**चलानी नं.**

## विज्ञप्ती

प्रस्तुत विषयका सम्बन्धमा यस बान्नीगढी जयगढ गाउँपालिकाको आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र बजेट बाडँफाडँका सन्दर्भमा मिति २०८०/०७/२२ गते पश्चिम रैबार नामक अनलाईन पत्रिका लगायत अन्य संचार माध्यम तथा सामाजिक संजालहरुमा प्रकाशित/प्रसारित ***गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षको पैसा कमाउने चोर बाटो, मिलोमतोमा बाडे १ करोड ९ लाख रुपैया*** भन्ने विषयलाई अति रन्जित बनाई आफ्नो स्वार्थ सिद्ध पुरा नभएको झोकमा पूर्वाग्रही शैलीबाट गाउँपालिका सरकार तथा गाउँपालिका अध्यक्ष र उपाध्यक्षको मान र प्रतिष्ठामा आँच आउने गरी समाचार प्रकाशित/ प्रसारित गरेकोमा खेद प्रकट गर्दछौं । यस सम्बन्धमा आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम, बजेट निर्माण पूर्वका सम्पूर्ण प्रक्रिया पुरा गरी मिति २०८०/०३/३१ गते बसेको गाउँसभा बैठकबाट सर्वसम्मत रुपमा पारित भई रातो किताबमा समेत प्रकाशित भई उक्त बजेट कार्यान्वयनमा रहेको बेहोरा अवगत गराउन चाहन्छौं । साथै आ.व. २०८०/०८१ को वार्षिक बजेट कुनै अमुक व्याक्ति तथा पक्षको स्वार्थ सिद्ध हुने गरी विनियोजित नभई सम्पूर्ण गाउँपालिका बासी जनताको माग र आवश्यकताका आधारमा सरोकारवाला पक्षसँग घनिभूत रुपमा छलफल भई जनचाहना अनुरुप नै विनियोजन भएको बेहोरा समेत अवगत गराउन चाहन्छौं । हाल सामाजिक संञ्जाल र समाचार माध्यममा प्रचार-प्रसार गरिएका समाचारहरु गाउँपालिका अध्यक्ष र उपाध्यक्षको चरित्रहत्या गर्ने खालका, तथ्यहीन, झुठ्ठा र भ्रमयुक्त रहेको जानकारी गराउदै यस्ता भ्रामकयुक्त तथा आक्षेपपूर्ण समाचार प्रति विश्वास नगर्नहुन तथा गाउँपालिकाको सर्वाङ्गीण विकास र सुशासन प्रवर्द्धनका सम्बन्धमा एकजुट भई गाउँपालिका सरकारलाई सदैव रचनात्मक तथा सकारात्मक सुझाव प्रदान गरी सहयोग गर्नहुन समेत सम्पूर्ण गाउँपालिका वासीहरुमा हार्दिक अनुरोध गर्दछौ ।

२०८०/०७/२२

टेक बहादुर साउद

अध्यक्ष

टेक बहादुर साउद अध्यक्ष

Email: info@bannigadhijaygadhmun.gov.np Website: www.bannigadhijaygadhmun.gov.np

Mobile App: Bannigadhijaygadh

समृद्धीको आधार : बान्नीगढी सरकार